‘सञ्चारकर्मीको पक्षमा काम गर्छौं’

■ मकवानपुर समाचारदाता

हेटौँडा, मङ्सिर २६ गते। बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश सरकार सञ्चारकर्मीको हितको पक्षमा काम गर्न तयार रहेको बताउनुभएको छ। सुखी नेपाली, समृद्ध नेपाल निर्माणको अभियानमा सञ्चारकर्मी र सञ्चारमाध्यमलाई सहभागी हुन आग्रह गर्दै उहाँले कोभिड-१९ का कारण अन्य क्षेत्रसँगै सञ्चार क्षेत्र प्रभावित भएको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ मकवानपुर शाखाको १६ औँ साधारण सभाको शुक्रबार हेटौँडामा उद्घाटन गर्दै उहाँले लोकतान्त्रिक गणतन्त्र स्थापनामा सञ्चारकर्मीको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुभयो।

पत्रकार आफैं पनि अनुशासित हुनुपर्ने भन्दै उहाँले सञ्चारकर्मी र सरकारबीच समन्वय आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, सरकार र मिडिया बीच शत्रुतापूर्ण व्यवहार गर्ने होइन। सञ्चारकर्मी र सञ्चारमाध्यम प्रतिपक्ष नभएर सरकारको सकारात्मक काममा सहयोग गर्नुपर्ने हुन्छ।

उहाँले सरकारले राम्रा काम गर्दा गर्दै पनि काम नै गरेन भनेर नकारात्मक टिप्पणी पनि नगर्न आग्रह गर्नुभयो।

बागमती प्रदेशको प्रदेश सभाका प्रमुख विपक्षी दल नेपाली काँग्रेसका नेता इन्द्रबहादुर बानियाँले लोकतान्त्रिक गणतन्त्र स्थापनामा अग्रभागमा रहेर काम गर्ने सञ्चारकर्मीको पक्षमा सरकारले काम गर्न नसकेको बताउँदै सञ्चारकर्मी र सञ्चारमाध्यम टिक्न मर्ज गर्नु आवश्यक भएको औँल्याउनुभयो। उहाँले सञ्चारकर्मीलाई आश र त्रासमा काम नगर्न आग्रह गर्नुभयो। प्रदेश सभाका सदस्य प्रेमबहादुर पुलामीले सञ्चारकर्मी र सञ्चारमाध्यमले आफ्नो आचारसंहिता र सीमाभित्र रहेर काम गर्नुपर्ने बताउनुभयो। प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटाले आफूले सञ्चारकर्मी र सञ्चारमाध्यमका पक्षमा केही गर्न चाहे पनि ऐन कानुन र विभिन्न कारणले काम गर्नसक्ने अवस्था नरहेको बताउनुभयो।

पत्रकार महासङ्घका उपाध्यक्ष विपुल पोखरेलले प्रेस स्वतन्त्रता सङ्कुचन गरेर लोकतन्त्रको संस्थागत विकास र रक्षा नहुने भन्दै लोकतान्त्रिक सरकारको दायित्व मिडियाको प्रवर्द्धन गर्नुभएको बताउनुभयो। तीनै तहका सरकारले बनाएका प्रेससम्बन्धी कानुनहरू प्रेसमैत्री नभएको धारणा राख्दै उपाध्यक्ष पोखरेलले राम्रो काम गर्ने दायित्व सरकारको हो भन्नुभयो। पत्रकार महासङ्घका सचिव रामप्रसाद दाहालले पत्रकार महासङ्घ सञ्चारकर्मीको सबै प्रकारको सुरक्षासँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रप्रति प्रतिबद्ध रहेको बताउनुभयो।

कोभिड अस्पताल सञ्चालनमा

■ धादिङ समाचारदाता

धादिङ, मङ्सिर २६ गते। धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिकाले गाउँपालिकास्तरीय कोभिड-१९ अस्पताल सञ्चालनमा ल्याएको छ।

सङ्घीय सरकार र गाउँपालिकाको आर्थिक सहयोगमा निर्माण गरिएको छ कोठे भवनबाट सेवा सुरु भएको गाउँपालिकाका स्वास्थ्य संयोजक सुजन श्रेष्ठले बताउनुभयो। ज्वालामुखी गाउँपालिका-३, अमराईमा सञ्चालनमा ल्याइएको कोभिड अस्पतालमा कोभिड १९ सङ्क्रमितको उपचार सेवा उपलब्ध हुने छ।

अस्पतालका लागि आवश्यक भवन निर्माण गर्न सङ्घीय सरकारले ४० लाख र गाउँपालिकाले १० लाख रुपियाँ उपलब्ध गराएको ३ नं. वडाका वडाध्यक्ष रूद्रमान श्रेष्ठले बताउनुभयो।

पालिकामा कोभिड अस्पताल स्थापनाले जिल्ला अस्पतालमा धाउनुपर्ने बाध्यता हटेको पालिका अध्यक्ष विनोदराज तिमल्सिनाले बताउनुभयो। अस्पतालले दिने सेवा र सुविधाका विषयमा सचेत भएर पालिकाबाट सहयोग हुने अध्यक्ष तिमल्सिनाको भनाइ छ।

ट्राफिक प्रहरीलाई सहयोग

■ काभ्रे समाचारदाता

काभ्रे, मङ्सिर २६ गते। जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई बनेपा नगरपालिकाले ल्यापटप र प्रिन्टर सहयोग उपलब्ध गराएको छ। बनेपा नगरपालिकाका नगरप्रमुख लक्ष्मीनरसिंह बादेले ट्राफिक प्रहरी प्रमुख विशाल तामाङलाई एक/एक थान ल्यापटप र प्रिन्टर हस्तान्तरण गर्नुभयो।

नगरपालिका प्रमुख बादेले ट्राफिक कार्यालयलाई कार्य सम्पादनमा सहजताका लागि ती सामग्री हस्तान्तरण गरेको बताउनुभयो। उहाँले बनेपामा ट्राफिक समस्या बढ्दै गएको बताउनुहुँदै ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउन नगरले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

राष्ट्रसेवक बहुमुखी सहकारी सस्था लि., काठमाडौ

१३ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

प्रकाशित मिति : २०७७/०८/२७

यस राष्ट्रसेवक बहुमुखी सहकारी सस्था लि. काठमाडौको १३ औं वार्षिक साधारण सभा वर्तमान विषम परिस्थितिका कारण (कोभिड १९) तपशीत अनुसार हुने भएकोले सम्पूर्ण सेयर सदस्य महानुभावहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ।

उपस्थिति मिति :- २०७७/०९/१९ देखि २४ गतेसम्म र २५ गते माइन्युट प्रमाणिकरण तथा सञ्चालक समिति बैठक

स्थान :- सस्थाको कार्यालय विजुलिबजार (०१४७८५४३४)

समय :- विहान ११ :०० बजे देखि ५:०० बजे सम्म।

छलफल हुने विषयहरु

१. सस्थाको आ.व.०७६/०७७ को वार्षिक तथा आर्थिक प्रतिवेदन
२. आ.व.०७७/०७८ को प्रस्तावित आय-व्यय तथा दायित्व सम्पत्तिको प्रस्ताव
३. लाभाशं वितरण १६% (कर सहित) अनुमोदन।
४. आ.व. ०७७/०७८ को लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
५. विनियमावलि संशोधन सम्बन्धमा।

नोट : उपस्थित हुने सेयर सदस्यहरुलाई परिबहन खर्चको व्यवस्था गरिएको छ।

गोविन्दप्रसाद निरौला	हेमकुमार तिमल्सिना
९८५१०६३६५४	९८४१३९२२२२

नयाँ घर बनाउने रहर

■ रामेछाप समाचारदाता

रामेछाप, मङ्सिर २६ गते। जिल्लाको दोरम्बा गाउँपालिका-३, टोकरपुरका ६६ वर्षीय फम्पडबहादुर बसेलको नयाँ घरमा बस्ने रहर अझै मरेको छैन।

भूकम्पले भत्काएको घर बनाउन पाँच पटकभन्दा बढी गुनासो फाराम भर्दा पनि नाम नपरेपछि उहाँले फेरि गत साउनमा गुनासो गर्नुभएको छ।

वरिपरि छिमेकमा एकै जनाले तीनवटासम्म घर बनाए तर आफ्नो भने पाँच पटक गुनासो भर्दा पनि अझै सहयोग प्राप्त भएको छैन, उहाँले गुनासो पोख्दै भन्नुभयो।

सुनापति गाउँपालिका-३ का ७५ वर्षीय चक्रबहादुर खत्रीले पनि गुनासो गर्नुभएको धेरै लामो समय भयो। भूकम्पले घर बस्नै नहुनेगरी भत्काएपछि दुई बूढाबूढी टहरोमा बस्दै आउनुभएका उहाँले चार पटक गुनासो भर्दा पनि लाभग्राही सूचीमा नाम नपरेको पीडा पोख्नुभयो।

उहाँलाई पनि बुढेसकालमा नयाँ घर बनाएर बस्ने रहर अझै मरेको छैन। रहर त छ नि, तर खै सरकारले हामी जस्ता गरिबको कुरो सुनेको छैन, उहाँले भन्नुभयो। पटकपटक प्राविधिक आएर घरका लागि अनुदान पर्छ भनेर गए पनि आफ्नो नाम नआएको भन्दै सरकारको काम गराइ प्रति चित्त दुखेको बताउनुभयो।

मन्थली नगरपालिका-१४, फुलासीका ७७ वर्षीय गोरे मगरले गुनासो भरेको पाँचौं पटकपछि मात्र पुनर्निर्माण लाभग्राहीको सूचीमा नाम निस्किएपछि नयाँ घर बनाउन सुरु गर्नुभएको छ।

जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय रामेछापका सूचना अधिकारी निरोज श्रेष्ठले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट तीन पटक सर्वेक्षण भएर छुटेका चार हजार ११६ बढीको पुनरावेदन केन्द्रमा पठाइएको बताउनुभयो।

गत साउनमा चार हजार ११६ पुनरावेदन लिइएकोमध्ये हालसम्म ४९३ जनाको पुनरावेदन फैसला भएर ११ जनाले लाभग्राहीमा परेका छन्, अब के कति सङ्ख्यामा लाभग्राही सूचीमा पर्छन् त्यो आगामी फागुन महिनासम्म थाहा हुन्छ, सूचना अधिकारी श्रेष्ठले भन्नुभयो।

जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालयका अनुसार २०७२ वैशाखको भूकम्पले जिल्लामा ५० हजार ११६ निजी घर पूर्णरूपमा क्षति भएकोमा ४८ हजार ४९७ जनाले सम्झौता गरी ४८ हजार ३०२ जनाले पहिलो किस्ता लिइसकेका छन्।

त्यसैगरी ४६ हजार २३७ जनाले दोस्रो किस्ता र ४१ हजार ९७१ जनाले तेस्रो किस्ता अनुदान रकम लिइ सकेका छन्। जिल्लामा सात हजार ८४० प्रवलीकरण लाभग्राही सूचीमा परेकोमा छ हजार ४५ जनाले अनुदान सम्झौता गरेका थिए। कार्यालयका अनुसार तीमध्ये पाँच हजार ४५५ जना पहिलो किस्ता र दुई जनाले मात्रै दोस्रो किस्ता बापतको रकम लिएका छन्।

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, संखुवासभा

किमाथांका अरुण जलविद्युत आयोजनाको लागि बाँधस्थल नजिक आवश्यक कर्मचारी आवासगृह तथा कार्यालय भवन निर्माणको लागि संखुवासभा जिल्लाको साविक चेपुवा गाविस वडा नं. ७ (हालको भोटखोला गाउँपालिका वडा नं. २) को

जग्गा अधिग्रहण गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७-०८-२७

नेपाल सरकारको स्वामित्व भएको विद्युत उत्पादन कम्पनी लिमिटेडद्वारा प्रस्तावित किमाथांका अरुण जलविद्युत आयोजनाको लागि बाँधस्थल नजिक आवश्यक कर्मचारी आवासगृह तथा कार्यालय भवन निर्माणार्थ यस जिल्लाको साविक चेपुवा गाविस वडा नं. ७ (हालको भोटखोला गाउँपालिका वडा नं. २) छुमसुरको फेदी ह्योगोक अवस्थित तपशील बमोजिमका कित्ता नंबर भएका जग्गाहरु, जग्गामा भएका घर तथा अन्य संरचनाहरू समेत जे जस्तो अवस्थामा छन् स्थायी रूपले अधिग्रहण गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा ९, १० र ११ बमोजिम आफैं वा अख्तियारप्राप्त वारेस मार्फत मुआब्जा दाबी गर्न, आफ्नो हकदैया भोगचलन र जग्गाको विवरण छुट भएमा, फरक परेमा सो सम्बन्धि आफ्नो निस्सा प्रमाण (जग्गाधनी प्रमाण पूर्जा, तिरो तिरेको रसिद, नागरिकताको प्रतिलिपि) सहित रु. १०।- को टिकट टाँसी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र जिल्ला प्रशासन कार्यालय संखुवासभामा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

क्र.स	जग्गा धनीको नाम	जग्गा धनीको पति/बाबुको नाम	जग्गा धनीको बाजे/ससुराको नाम	साविक गाविस र वडा	कित्ता नं	स्रेस्ता अनुसारको क्षेत्रफल (वर्गमिटर)	अधिग्रहण गर्नुपर्ने क्षेत्रफल (वर्गमिटर)
१	कासाङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	१८७	१२०	१२०
२	कासाङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२९५	१४०	१४०
३	कासाङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२९८	५५०	५५०
४	डेरु भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	१९३	३०५	३०५
५	डेरु भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	२१९	६०५	६०५
६	चिपा भोटेनी	पासाङ ठिन्दुक भोटे	ओङवु भोटे	चेपुवा-७	१९२	३००	३००
७	चिपा भोटेनी	पासाङ ठिन्दुक भोटे	ओङवु भोटे	चेपुवा-७	१९९	२५०	२५०
८	चिपा भोटेनी	पासाङ ठिन्दुक भोटे	ओङवु भोटे	चेपुवा-७	२१५	४५०	४५०
९	छिरीङ भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	१९४	२५०	२५०
१०	छिरीङ भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	२१८	३५०	३५०
११	छेदर भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	२१७	५०	५०
१२	छेम्बी भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	२१२	१०३५	१०३५
१३	छेम्बी भोटे	लिन्डुक भोटे	छिङ छेदर भोटे	चेपुवा-७	३०६	२४०	२४०
१४	छेम्बी भोटे	लिन्डुक भोटे	छिङ छेदर भोटे	चेपुवा-७	३१३	४००	४००
१५	छेवाङ भोटे	जिमी भोटे	लेन्डुक भोटे	चेपुवा-७	२११	८०	८०
१६	छेदर भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	१७६	२३९०	२३९०
१७	छेदर भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	२०७	४५५	४५५
१८	जेनजेन भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	१८४	३८०	३८०
१९	जेनजेन भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	१८६	२५०	२५०
२०	ज्याङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	१७३	५०	५०
२१	ज्याङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	१७४	१००	१००
२२	ज्याङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२००	२५०	२५०
२३	ज्याङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२१३	२०६०	२०६०
२४	ज्याङ भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२९२	११९०	११९०
२५	ज्याङ भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	१८२	९६०	९६०
२६	ज्याङ भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२०१	२००	२००
२७	ज्याङ भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२०९	३२०	३२०
२८	ज्याङ भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२९०	११०५	११०५
२९	ज्याङ भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	३०७	५१०	५१०
३०	टासी फिन्जो भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	१७२	५३०	५३०
३१	डन्दु भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	१९८	२७०	२७०
३२	छियाङ साङबु भोटे	छिरीङ तेम्बा	नुर्पु भोटे	चेपुवा-७	१७७	१०८५	१०८५
३३	छियाङ साङबु भोटे	छिरीङ तेम्बा	नुर्पु भोटे	चेपुवा-७	१९५	४०	४०
३४	छियाङ साङबु भोटे	छिरीङ तेम्बा	नुर्पू भोटे	चेपुवा-७	३००	१७०	१७०
३५	रिदर भोटे	दोर्ची भोटे	धर्चे भोटे	चेपुवा-७	२९४	१२०	१२०
३६	तेम्बा भोटे	हेसा भोटे	फुर्पू तेन्जेन भोटे	चेपुवा-७	१९१	३५०	३५०
३७	दावा छेदर भोटे	काङडु भोटे	चुङवा भोटे	चेपुवा-७	२०४	१७०	१७०
३८	दावा छेदर भोटे	काङडु भोटे	चुङवा भोटे	चेपुवा-७	३१०	९१०	९१०
३९	दिचिक भोटे	निरु भोटे	रिदर भोटे	चेपुवा-७	१७०	२०५	२०५
४०	दिचिक भोटे	निरु भोटे	रिदर भोटे	चेपुवा-७	१८९	३५०	३५०
४१	धर्चे भोटे	रिथिन्डुक भोटे	खाङडुक भोटे	चेपुवा-७	२०२	१५५	१५५
४२	धर्चे भोटे	रिथिन्डुक भोटे	खाङडुक भोटे	चेपुवा-७	३०९	५५५	५५५
४३	नाम्जा भोटे	किङसाङ दोर्जे	फुर्वा दोर्ची भोटे	चेपुवा-७	५०३	७८०	७८०
४४	फुर्पु छिरिङ भोटे	किङसाङ दोर्जे	फुर्वु दोर्जे भोटे	चेपुवा-७	२९९	२९५	२९५
४५	फुर्पु छिरिङ भोटे	किङसाङ दोर्जे	फुर्वा दोर्ची भोटे	चेपुवा-७	४७८	६६५	६६५
४६	चुङजिक भोटेनि	नोर्चे भोटे	ओङवु भोटे	चेपुवा-७	१९०	७०५	७०५
४७	रिन्जिन भोटे	छेदर भोटे	छिरिङ भोटे	चेपुवा-७	२०५	२५०	२५०
४८	रिन्जिन भोटे	छेदर भोटे	छिरिङ भोटे	चेपुवा-७	२९६	७५५	७५५
४९	लाकचुङ भोटेनी	तेम्बा भोटे	हेसा भोटे	चेपुवा-७	१६९	२००	२००
५०	लाकचुङ भोटेनी	तेम्बा भोटे	हेसा भोटे	चेपुवा-७	१८१	१७१०	१७१०
५१	लाकचुङ भोटेनी	तेम्बा भोटे	हेसा भोटे	चेपुवा-७	१८३	२००	२००
५२	लाकचुङ भोटेनी	तेन्वा भोटे	हेसा भोटे	चेपुवा-७	१८८	३६०	३६०
५३	लाकचुङ भोटेनी	तेम्बा भोटे	हेसा भोटे	चेपुवा-७	२०३	२५०	२५०
५४	लाकचुङ भोटेनी	लेन्वा भोटे	हेसा भोटे	चेपुवा-७	३०३	१०२०	१०२०
५५	लाक्पा भोटे	दन्डु भोटे	छेसा भोटे	चेपुवा-७	२१४	८०५	८०५
५६	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	१७१	५०	५०
५७	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	१८०	२६९०	२६९०
५८	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	१८५	५५०	५५०
५९	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	१९७	१४०	१४०
६०	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२०६	१२०	१२०
६१	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२०८	३८०	३८०
६२	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२८८	६०	६०
६३	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	२९३	९००	९००
६४	लाच्या भोटे	छेच्याप भोटे	रिन्जिन भोटे	चेपुवा-७	३०२	५१०	५१०
६५	लामी भोटेनी	ङन्जुङ भोटे	खाङडु भोटे	चेपुवा-७	१७८	१६१०	१६१०
६६	लामी भोटेनी	ङन्जुङ भोटे	खाङडु भोटे	चेपुवा-७	२१०	५००	५००
६७	लामी भोटेनी	ङन्जुङ भोटे	खाङडुक भोटे	चेपुवा-७	३०८	४२५	४२५
६८	चुङजिक भोटेनि	नोर्चे भोटे	ओङवु भोटे	चेपुवा-७	२१६	१४५५	१४५५
६९	सरिप भोटे	किङसाङ दोर्जे	फुर्वा दोर्ची भोटे	चेपुवा-७	४७७	६६५	६६५
७०	सरिप भोटे	किङसाङ दोर्जे	फुर्वा दोर्ची भोटे	चेपुवा-७	५०२	७८०	७८०
७१	सिदे भोटे	दावा छेदर भोटे	खाङडु भोटे	चेपुवा-७	३०४	३१५	३१५
७२	सुन्जु भोटे	पण्डन्डु भोटे	हेसा भोटे	चेपुवा-७	३०५	१८०	१८०
७३	सरिप भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	५०१	८००	८००
७४	नाम्जा भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	५००	८००	८००
७५	छेदर भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	४९८	१५१७	१५१७
७६	फुर्वु छिरिङ भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	४९९	१२९१	१२९१
७७	टासी फिन्जो भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	४९७	१५१७	१५१७
७८	छेसाङ भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	२९१	५०	५०
७९	छेसाङ भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	४५०	१५८०	१५८०
८०	छेम्बी भोटे	किङसाङ दोर्जे भोटे	फुर्बु दोर्जे भोटे	चेपुवा-७	४५१	१५८०	१५८०
८१	तेन्जिङ भोटे	रिदर भोटे	दोर्ची भोटे	चेपुवा-७	५२६	३८५	३८५
८२	दिचिक भोटे	निरु भोटे	रिदर भोटे	चेपुवा-७	५२५	३८५	३८५
८३	दिचिक भोटे	निरु भोटे	रिदर भोटे	चेपुवा-७	१९६	३०	३०